राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३०६ २०८२ असार १८ गते बुधवार (2 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

### विश्वव्यापी आवधिक समीक्षा बारे अन्तरक्रिया

## मानव अधिकारको प्रभावकारी कार्यान्वयनमा चुनौती

दैनिक समाचारदाता

जनकपुरधाम, १७ असार । आर्थिक रूपमा पिछडिएको, बेरोजगारीले ग्रस्त तथा आत्मनिर्भरता विहीन समाजमा मानव अधिकारको उल्लंघन बढी हुने निष्कर्ष निकालिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयको आयोजनामा मंगलबार जनकपुरधाममा भएको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले यस्तो धारणा व्यक्त गरेका हुन् । अन्तरक्रिया कार्यक्रम विश्वव्यापी आवधिक समीक्षा (युपीआर) अन्तर्गत नेपाललाई प्राप्त सिफारिसहरूको कार्यान्वयन अवस्थाबारे केन्द्रित थियो ।




मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जयसवालले सम्बोधन गर्दै प्रदेश सरकार मानव अधिकारको प्रवर्धन र सामाजिक न्याय स्थापनाप्रति प्रतिबद्ध रहेको बताए । उहाँले संविधान प्रदत्त अधिकारलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न प्रदेशस्तरीय नीतिहरू निर्माणमा ध्यान दिनु आवश्यक रहेको धारणा राख्नुभयो ।

प्रदेशसभा सदस्य शारदा थापाले तीन तहकै सरकारले नागरिकको सुरक्षा सुनिश्चित गर्न नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "महिला मानव अधिकारको अवधारणा आएको छ, तर महिलाको प्रजनन अधिकारदेखि सामाजिक सुरक्षासम्मको सुनिश्चितता अझै टाढा छ ।"

उहाँले मधेश प्रदेशको ६२ लाख जनसंख्यामध्ये दृष्टिविहीन तथा अपांगता भएका व्यक्तिको प्रतिनिधित्व हुनेगरी नीति, कार्यक्रम र बजेटमा स्थान नदिएको उल्लेख गर्दै यसलाई मानव अधिकारकै उल्लंघनको संज्ञा दिनुभयो । "कानूनी संरचनाभित्र दृष्टिविहीन नागरिकका अधिकारलाई स्पष्ट रूपमा स्थापित गर्न जरुरी छ," उहाँले जोड दिनुभयो ।

अर्की प्रदेशसभा सदस्य रुपा कुमारी यादवले महिलामाथिको हिंसा अझै उच्च रहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार, "महिला र बालिकाहरू शिक्षादेखि रोजगारीसम्म लोकतन्त्रमा समेत उपेक्षित छन् । सरकारको बजेट प्रणाली 'खिचडी' जस्तै छ ( स्पष्ट लक्ष्यबिना खर्च हुने ।"

उहाँले शिक्षाको उदाहरण दिँदै भन्नुभयो, "अहिलेसम्म एउटा पनि नमूना विद्यालय बनाउन सकिएको छैन । अस्पतालहरू स्वयं बिरामी छन्, उपकरण छैन, दक्ष जनशक्ति छैन, यस्तो अवस्थामा जनताको उपचार कसरी सम्भव हुन्छ ?"

महोत्तरीको एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले सरकार शिक्षादेखि कृषि, स्वास्थ्य, रोजगारी र सडक निर्माणमा प्रभावकारी रुपमा लागेमा मानव अधिकारको उल्लंघन घटाउन सकिने बताउनुभयो । उहाँले अर्गानिक खेती, शुद्ध खानेपानी तथा पोषणयुक्त खाना कार्यक्रम नीतिगत रूपमा अघि बढाउन थालिएको जानकारी दिनुभयो ।

पर्यावरणीय अधिकारप्रति पनि ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "वातावरणीय प्रदूषणले स्वास्थ्य, कृषि उत्पादन, शिक्षा लगायत क्षेत्रमा प्रत्यक्ष असर पुऱ्याइरहेको छ । त्यसैले वातावरणीय मानव अधिकारको बहस पनि अघि बढ्नुपर्छ ।"

कार्यक्रममा मानव अधिकारकर्मी सविनाले मानव अधिकारको अनुभूति जनतामा गराउन सक्ने अवस्था अझै बनेको छैन बताउँदै भन्नुभयो, "मानव अधिकारको विषयलाई केवल कानुनी वा दस्तावेजी रुपमा होइन, जीवन्त रूपमा जनताले महसुस गर्न सक्नेगरी काम हुन जरुरी छ ।"

कार्यक्रमको अध्यक्षता आयोगका मधेश प्रदेश संयोजक बुद्धनारायण सहनीले गर्नुभएको थियो । अन्तरक्रियामा युपिआरको तेस्रो चक्र अन्तर्गत नेपाललाई प्राप्त सिफारिसहरूको कार्यान्वयन अवस्थाबारे समूहगत छलफल समेत गरिएको थियो ।

### लुम्बिनी सरकारलाई

## लोसपाको समर्थन फिर्ता

बुटवल, १७ असार । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

लुम्बिनी प्रदेश सभाको छैटौँ अधिवेशन अन्तर्गत चौधौँ बैठकमा लोसपा संसदीय दलका नेता सन्तोष पाण्डेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको सभामुख तुलाराम घर्तीलाई जानकारी गराएका हुन् ।

प्रदेशमा लोसपाका तीनजना सांसद छन् । यसअघि जनता समाजवादी पार्टी नेपालले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । जसपा नेपालका एक जना मात्र सांसद छन् ।मंगलबारको बैठकमा वजेटमाथिको सैद्धान्तिक छलफलको कार्यसूचि थियो । बजेटमा सत्तारुढ दलहरूभित्रै असन्तुष्टीले ७ गते तोकिएको वैठक १० दिनपछि बसेको थियो । बैठक सुरु भएलगत्तै आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले वक्तव्यसहित 'आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान' माथि सैद्धान्तिक छलफल प्रारम्भ गरियोस् भनी प्रस्ताव पेस गरेका थिए ।

तर प्रमुख विपक्षी माओवादी केन्द्रसहित विपक्षी दलका सांसदहरूले उठेर विरोध जनाए । उनीहरूले चरम असन्तुलित र असमावेशी वजेट पुनर्लेखनको माग गरेका थिए । मन्त्री कार्कीले आर्थिक वर्ष २०८२/०८३ सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेस गरेका थिए ।दिउँसो ३ बजे बाट सुरु भए पश्चात प्रतिपक्ष दलहरूले अवरोध गेका थिए । त्यसपछि बैठक ३० मिनेटका लागि स्थगित गरिएको थियो । विपक्षी दलहरूसँग सहमतिको प्रयास असफल भएपछि सुचारु भएको बैठकमा प्रतिपक्षी दलहरू अनुपस्थित भए पछि पुन: ३० मिनेट स्थगित भएको थियो ।

त्यसबीचमा सत्ता पक्षमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी ( लो.स.पा.) ले सरकारलाई समर्थन फिर्ता लिएको घोषणा गरेपछि उसलाई प्रतिपक्ष बनाइ बैठक सञ्चालन भएको थियो । यसप्रति माओवादी केन्द्र संसदीय दलका नेता जोखबहादुर महराले आपत्ति जनाएका छन् । 'एउटै बैठकमा एउटै दल एकछिन अघिसम्म सत्ता पक्ष अनि आधा घण्टापछि प्रतिपक्षको नाटक देखाएर सरकारले जबरर्जस्ती गरेको छ,' महराले भने, 'सरकारले राति साढे ८ बजे प्रदेश सभा बैठक बोलाएको छ, हामी बहिष्कार गर्छौं र बुधबार बस्ने बैठकमा सरकारको बद्मासीको भण्डाफोर गर्छौं ।'

साँझको बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र, राप्रपा, राष्ट्रिय जनमार्चा र नेकपा एकीकृत समाजवादी सहभागी नहुने घोषणा गरेका छन् ।प्रदेश सभा सचिव दुर्लभकुमार पुनले लोसपा र जसपा नेपालका चार जना सांसद उपस्थित भएपछि प्रतिपक्षीविहीन नभएकाले बैठक चलाइएको बताए । सरकारले ल्याएको आगामी वर्षको बजेटप्रति सत्तारुढ दलभित्रै चर्को असन्तुष्टी छ । नेपाली कांग्रेस प्रदेश समितिले विज्ञप्ति नै जारी गरी संशोधन गरेर मात्र पारित हुन सक्ने भनेको छ ।

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो



दैनिक समाचारदाता

काठमाडौं, १७ असार । नेपाल आयल निगमले गएराति १२ बजेदेखि लागु हुनेगरी पेट्रोलियम पदार्थको मूल्य बढ़ाएको छ ।

इण्डियन आयल कर्पोरेशन (आईओसी) बाट नै मूल्य बढ़ेर आएकोले पेट्रोलियम पदार्थको मूल्य बढाइएको निगमले जनाएको छ । निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख भए अनुसार आईओसीले प्रतिलिटर पेट्रोलमा ७ रुपैयाँ ६४ पैसा, डिजलमा ९ रुपैयाँ १३ पैसा र हवाई इन्धनतर्फ ६ रुपैयाँ ८८ पैसा मूल्य बढ़ेर आएको भएको छ । उद्यपी, सर्वसाधारणको हितलाई ध्यान दिएर पेट्रोलमा ५ रुपैयाँ र डिजलमा ४ रुपैयाँ बढ़ाएको जनाइएको छ । हवाई इन्धनमा भने निगमले आन्तरिकतर्फ ७ रुपैयाँले मूल्य बढ़ाएको छ । निगमले पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ बढ़ाएको छ भने मट्टितेल र डिजलमा प्रतिलिटर ४ रुपैयाँ मूल्य बढ़ाएको छ । जस अनुसार अबदेखि पेट्रोलको मूल्य प्रतिलिटर १६५ रुपैयाँ भएको छ भने डिजल र मट्टितेलको मूल्य प्रतिलिटर १४९ रुपैयाँ भएको छ ।

## एक महिनामा ६७४ घटना ३१ जनाको मृत्यु, ११२ घाइते


दैनिक समाचारदाता

काठमाडौँ, १७ असार । गत जेठ १५ देखि यही असार १६ गतेसम्म ६७४ वटा मनसुनजन्य विपद्का घटना भएका छन् । ती घटनामा ३१ जनाको मृत्यु भएको छ भने ११२ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा पहिरोका ८७ घटनामा २५ घरमा आंशिक र ११ घरमा पूर्णक्षति भएको छ । समीक्षा अवधिमा एउटा पुल, सातवटा गोठ र १४ चौपाया मरेका छन् । पहिरोबाट रु दुई करोड २१ लाख बराबरको क्षति भएको छ ।

यसैगरी, बाढीका ६४ घटनामा चार जनाको मृत्यु भएको तथा चार जना नै घाइते भएका छन् । बाढीबाट १२३ परिवार प्रभावित भएका छन् । चार वटा घरमा क्षति भएको छ । चट्याङका ८२ वटा घटनामा आठ जनाको मृत्यु भएको, २० जना घाइते भएका छन् । हुरीका ४५ घटनामा एक जनाको मृत्यु भएको तथा तीन जना घाइते भएका छन् । विपद्का घटनामा रु २६ करोडको आर्थिक क्षति भएको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# आँप उत्पादनमा गिरावटः किसान निराशा

मधेश प्रदेशको सिरहा जिल्लालाई फलफूल उत्पादनको सन्दर्भमा प्रमुख क्षेत्रका रूपमा लिइन्छ, जहाँ विशेषगरी आँप खेतीले किसानको जीविकोपार्जन र स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । तर, यो वर्षको आँप उत्पादन तथ्यांकले गम्भीर चिन्ता र दीर्घकालीन रणनीतिक हस्तक्षेपको खाँचो देखाएको छ ।

कृषि ज्ञान केन्द्र सिरहाका अनुसार, गत वर्षको तुलनामा झण्डै ४० प्रतिशतले आँप उत्पादन घटेर ५९ हजार मेट्रिक टनमा सीमित भएको छ । ९ हजार हेक्टर क्षेत्रफलको तुलना गर्दा उत्पादनयोग्य जमिन मात्र ८ हजार ८९५ हेक्टरमा सीमित हुनु र प्रति हेक्टर उत्पादन दर पनि ११.०२ बाट घटेर ६.६३ टनमा झर्नु सामान्य संकेत होइन ।

उत्पादन घट्नुका पछाडि मौसमचक्रसँगै सिंचाइ अभाव, कीराको प्रकोप र रोगनियन्त्रणमा कमजोरी जस्ता संरचनात्मक समस्याहरू पनि जिम्मेवार छन्। कृषि प्रणालीमा परम्परागत अभ्यासको भर पर्दा तथा आवश्यक प्रविधि र ज्ञान किसानसम्म नपुग्दा यस्तो गिरावट वर्षेनि दोहोरिने खतरा बढ्दो छ ।

फलस्वरूप, बजारमा आपूर्ति घट्दा मूल्य बढेको छ, तर त्यो लाभ किसानसम्म पुग्न सकेको छैन। उत्पादन घट्दा लागत अनुसार आम्दानी नहुँदा किसानको मनोबल कमजोर हुँदै गएको छ। यही अवस्थामा सरकारले आँप खेतीको रणनीतिक महत्त्व बुझेर दीर्घकालीन नीति निर्माण गर्न आवश्यक छ।

विज्ञहरूका अनुसार, सिंचाइ पूर्वाधारको सुदृढीकरण, कीरा तथा रोग नियन्त्रणका लागि वैज्ञानिक प्रविधिको प्रयोग, नियमित किसान प्रशिक्षण, चिस्यान केन्द्रको स्थापना, र फलफूल प्रशोधन इकाइको विस्तार अब विलम्ब नगरी लागू गर्नुपर्ने प्राथमिकता हुन्।

त्यस्तै, अनुदान कार्यक्रम तथा जोखिम व्यवस्थापन प्रणालीमार्फत किसानलाई बीमा सुरक्षा प्रदान गर्नु पनि अत्यावश्यक देखिन्छ। सिरहाको आँप उत्पादन संकट कुनै एक जिल्लाको समस्या होइन, यो सम्पूर्ण मधेश प्रदेशको कृषियोजना र आर्थिक समृद्धिको सवाल हो।

आज जब हामी 'स्थानीय उत्पादन, आत्मनिर्भरता र निर्यात प्रवर्द्धन' जस्ता नाराहरू गुञ्जायमान बनाउँछौं, तब त्यस्ता घोषणाहरूको सार्थकता यस्ता संकटहरूको समाधानमा देखिनुपर्छ।

किसानलाई मौसमी चक्रको दास बनाइराख्ने होइन, उनीहरूलाई जलवायु अनुकूलन योग्य प्रविधि, पूर्वाधार र नीति मार्फत सक्षम बनाउनु सरकारको दायित्व हो। यदि सरकारले आँखा चिम्लिरह्यो भने यो वर्षको आँप संकट भोलिका अरु फसलहरूको भीषण संकटको संकेत मात्र हुनेछ।

सरकार, स्थानीय तह र सरोकारवाला निकायले तत्काल समन्वय गरी दीर्घकालीन समाधानका लागि कदम चाल्नुपर्ने समय यही हो ( अन्यथा मधेशको कृषि भविष्य झन् अनिश्चित बन्दै जानेछ।

# वातावरण संरक्षणमा पत्रकारको भूमिका

आजको विश्व वातावरणीय संकटको चपेटामा छ । जलवायु परिवर्तन, प्रदूषण, जैविक विविधताको विनाश, वन क्षेत्रको घट्दो अवस्था र प्राकृतिक स्रोतहरूको अत्यधिक दोहनले गर्दा पृथ्वीको सन्तुलन खल्बलिएको छ । यस्ता संकटहरूमाझ सत्य सूचना, जनचेतना र जिम्मेवार अभिव्यक्ति मार्फत वातावरण संरक्षणको पक्षमा पत्रकारिताको भूमिका अत्यन्त महत्वपूर्ण र अनिवार्य बन्दै गएको छ ।



*१. सूचनाको शक्ति र जनचेतना निर्माण*

पत्रकारिता सूचनाको माध्यम हो(तर सूचना केवल खबर होइन; त्यो चेतना हो, ज्ञान हो र प्रेरणा हो। जब वातावरणमा खतराको संकेत देखिन्छ, तब पत्रकारले त्यसलाई केवल रिपोर्ट गर्ने मात्र होइन, समाजलाई सचेत पार्ने माध्यमका रूपमा प्रस्तुत गर्नुपर्छ। उदाहरणका लागि, कुनै नदी प्रदूषित भएको खबर गर्दा त्यसको कारण, असर, र समाधानका उपायबारे पनि पत्रकारले जिम्मेवारीपूर्वक प्रकाश पार्नुपर्छ।

*२. नीति निर्माणमा प्रभाव पार्ने माध्यम*

संवेदनशील र अनुसन्धानमा आधारित रिपोर्टिङले सरकार र सरोकारवालाहरूमा दबाब सिर्जना गर्न सक्छ। वातावरणीय पत्रकारिताले नीति निर्माण प्रक्रियामा पारदर्शिता ल्याउन, जनचासो उजागर गर्न र शक्ति केन्द्रहरूलाई जवाफदेही बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। मधेशका विभिन्न जिल्लाहरूमा जथाभावी नदी दोहन, वन फँडानी र बालुवाको अवैध उत्खनन जस्ता विषयहरू उठाउँदा पत्रकारिताले राज्य संयन्त्रलाई सचेत गराउन सक्छ ।

*३.जमीनीस्तरका आवाज मुख्यधारमा ल्याउने*

सामान्यतया, वातावरणीय मुद्दा ठूला शहरहरू वा अन्तर्राष्ट्रिय सम्मेलनको कुरा ठानिन्छ। तर वास्तवमा, जसले प्रकृतिसँग सिधा अन्तर्क्रिया गर्छ(त्यो स्थानीय समुदाय हो। तिनको आवाज, चिन्ता र अनुभवलाई मुख्यधारको मिडियामा ल्याउने कार्य पत्रकारको जिम्मेवारी हो। मधेशका किसान, महिलाहरू वा आदिवासी समुदायको जल(जंगल(जमिनसँगको सम्बन्ध, उनीहरूको संरक्षण प्रयासलाई मिडियामा स्थान दिइनु आवश्यक छ ।

*४. तथ्यमा आधारित अनुसन्धानात्मक लेखन*

वातावरणीय विषयहरू जटिल र प्राविधिक हुन्छन्। यी विषयहरू बुझेर तथ्यमा आधारित, सन्तुलित र सुस्पष्ट रिपोर्टिङ आवश्यक हुन्छ। आँकडा, वैज्ञानिक तथ्य, विशेषज्ञको भनाइ आदिका आधारमा तयार पारिएका सामग्रीहरूले मात्र दीर्घकालीन असर पार्छ। हावापानीको परिवर्तन, कृषि प्रणालीमा आएको असर, भूगर्भीय परिवर्तन, वा जैविक विविधताको ह्रास जस्ता विषयहरूमा गहिरो अध्ययन र विश्लेषण अत्यावश्यक हुन्छ ।

*५. डिजिटल माध्यम र युवापुस्तामा प्रभाव*

आजका पत्रकारहरू केवल छापा र रेडियोमा सीमित छैनन् । ब्लग, पोडकास्ट, युट्युब, सामाजिक सञ्जाल जस्ता डिजिटल प्लेटफर्ममार्फत वातावरणीय मुद्दा युवा पुस्तासँग जोड्न सकिन्छ । छोटा भिडियो, इन्फोग्राफिक्स, फोटो कथा जस्ता सामग्रीले तीव्र असर पार्न सक्छन् । सकारात्मक उदाहरणहरू(जस्तै स्कूलले प्लास्टिक प्रतिबन्ध लगाएको, किसानले जैविक कृषि थालेको, वा समुदायले वृक्षरोपण अभियान चलाएको(यस्ता कथा उत्साहवर्धक हुन्छन् ।

*६. जोखिम, चुनौती र नैतिकता*

वातावरणीय पत्रकारिताले कहिलेकाहीँ आर्थिक वा राजनीतिक हितविरुद्ध जानुपर्ने हुन्छ। अवैध उत्खनन, जंगल फडानी, वा कारखानाद्वारा प्रदूषणजस्ता विषय रिपोर्ट गर्दा पत्रकारहरू जोखिममा पर्न सक्छन् । तर पत्रकारिता केवल सजिलो खबर लेख्ने काम होइन, सत्य बोल्ने साहस हो। त्यसका लागि आचारसंहिता, निष्पक्षता र सत्यता अनिवार्य मूल्य हुन् ।

*७. वातावरणीय न्याय र समावेशिता*

वातावरणीय मुद्दाहरू सबैको लागि समान असर गर्ने छैनन्। दलित, जनजाति, महिलाहरू, विपन्न वर्ग आदि बढी पीडित हुने वर्ग हुन्। यस्तोमा पत्रकारिताले वातावरणीय न्यायको सन्दर्भमा समावेशी दृष्टिकोण राख्न आवश्यक छ। उनीहरूको दृष्टिकोण, अनुभव र मागलाई मिडियामा समेट्नु एक खालको सामाजिक न्याय पनि हो ।

*८.समाधानमुखी पत्रकारिता*

समस्या देखाउनु मात्र पत्रकारिता होइन, समाधान खोज्न प्रेरणा दिनु पनि पत्रकारिता हो। पुनःवनसंस्थापन, वर्षा जबचखभकतष्लन, हरित ऊर्जा प्रयोग, सामुदायिक वन जस्ता सकारात्मक र समाधानमुखी पहलहरूको प्रचारले वातावरणीय चेतना बढाउँछ। आलोचना मात्र होइन, आशा पनि फैलाउनु पत्रकारको भूमिका हो ।

*९. तालिम र दक्षता विकास*

वातावरणीय विषय प्रविधि, विज्ञान, भूगोल, जैविक विविधता जस्ता क्षेत्रसँग सम्बन्धित छन्। त्यसैले पत्रकारले आफूलाई निरन्तर अपडेट राख्न, विज्ञहरूसँग संवाद गर्न, र तालिम लिनुपर्छ। माध्यम चाहे जुनसुकै होस्, विषयमा विशेषज्ञता र गहिराइ अनिवार्य हुन्छ ।

*१०.निष्कर्ष*

वातावरण बचाउने अभियानमा पत्रकार केवल बाहिरी दृष्टक मात्र होइन(ऊ एक सक्रिय अभियन्ता हो। सचेत लेखन, निष्पक्ष रिपोर्टिङ र समाजप्रति उत्तरदायी दृष्टिकोणमार्फत पत्रकारहरूले वातावरण संरक्षणमा ठूलो योगदान दिन सक्छन् ।

आज आवश्यक छ-पत्रकारहरू आफूलाई “news maker“ मात्र नभई “nature saver“ पनि ठानून् ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अन्तरिक्षमा कसरी हुन्छ समयको हिसाब किताब ?

अन्तर्राष्ट्रिय स्पेस स्टेशनमा विभिन्न देशका अन्तरिक्षयात्रीहरू बस्दछन् र विभिन्न खालका वैज्ञानिक प्रयोग लगायतका काम गर्दछन् । स्पेस स्टेशनमा रहेका अन्तरिक्षयात्रीका देशका मानक समय फरक-फरक हुन्छन् । यस्तोमा स्पेस स्टेशनमा कुन मानक समय अर्थात् टाइम जोनलाई आधार मानिन्छ होला ? अनि त्यहाँको दिन र रात कति लामो हुन्छ होला ? यसबारेमा जान्ने चाहना सायद हामी सबैलाई छ।




तपाईंलाई सुन्दैमा अनौठो लाग्ला कि पृथ्वीमा एक दिनमा एक पटक मात्र सूर्योदय तथा सूर्यास्त हुन्छ । तर स्पेस स्टेशनमा २४ घण्टाभित्रमा १६ पटक सूर्योदय र १६ पटक सूर्यास्त हुन्छ ।

यस हिसाबले स्पेस स्टेशनमा केवल ९० मिनेटको दिन तथा ९० मिनेटको रात हुन्छ । जबकि पृथ्वीमा यो अवधि १२/१२ घण्टाको हुन्छ । स्पेश स्टेशनले निकै तीव्र गतिमा पृथ्वीको परिक्रमा गर्ने भएको हुनाले यस्तो भएको हो । स्पेस स्टेशनले केवल ९० मिनेटमा पृथ्वीको एक चक्कर लगाउँछ ।

स्पेस स्टेशनले पृथ्वीको परिक्रमा गर्ने क्रममा ४५ मिनेटसम्म सूर्यको प्रकाशमा रहन्छ भने बाँकी ४५ मिनेट पृथ्वीको छायामा रहन्छ । जबकि २४ घण्टाभित्र स्पेश स्टेशनले १६ पटक यस्तो परिक्रमा गर्दछ, जसमा १६ पटक सूर्यास्त र १६ पटक सूर्योदय हुन्छ ।

त्यसैगरी टाइम जोन अर्थात् मानक समयको कुरा गर्दा अन्तर्राष्ट्रिय स्पेस स्टेशनमा कोअर्डिनेटेड युनिभर्सल टाइम (ग्त्ऋ) टाइम जोनको प्रयोग हुन्छ ताकि विश्वका फरक-फरक देशसँग समन्वयमा समस्या नआओस् । यो मानक समयलाई ग्रीनबीच मिन टाइम पनि भनिन्छ ।

वास्तवमा स्पेस स्टेशनमा विभिन्न देशका अन्तरिक्षयात्रीले एकसाथ काम गर्दछन् र हरेक देशको आफ्नो फरक मानक समय क्षेत्र हुन्छ । युटिसीको प्रयोगले सबै मिसन कन्ट्रोल सेन्टर तथा अन्तरिक्षयात्रीलाई एकै प्रणाली अन्तरगत ल्याउँदछ । यसबाट केवल सञ्चार सम्पर्क सहज हुनेमात्र होइन, कमान्ड दिनमा पनि सहजता आउँछ । अन्तरिक्षमा अमेरिका, रुस, बेलायत तथा जापान लगायतका देशका अन्तरिक्षयात्रीहरुले एउटा साझा विश्व्यापी मानक समयमा काम गर्दछन् ।

नेपालको मानक समय ग्रीनबीच मिन टाइमभन्दा ५ घण्टा ४५ मिनेट छिटो भएको हुनाले नेपालमा दिउँसोको १२ बज्दा अन्तरीक्ष स्टेशनमा बिहानको सबा ६ बजेको हुन्छ।

***अन्तरिक्ष स्टेशनमा समय कसरी हेरिन्छ ?***

स्पेस स्टेशनमा समयको गणना गर्नका लागि विशेष घडीको डिजाइन गरिएको हुन्छ र उपकरणको प्रयोग गरिन्छ । अन्तराष्ट्रिय स्पेस स्टेशनमा समय हेर्नका लागि कम्प्युटर तथा डिजिटल घडीको प्रयोग गरिन्छ, जसमा युटिसी टाइम जोनको हिसाबले समय तय गरिन्छ । यसका अलावा त्यहाँ डिजिटल डिस्प्ले पनि हुन्छ, जसमा फरक फरक मिसन कन्ट्रोल केन्द्रहरुको वास्तविक समय बताउँछ । ती सबै डिभाइसलाई युटिसीसँग सिंक्रोनाइज्ड गरिएको हुन्छ ।

साथै स्पेश स्टेशनमा आणविक घडी पनि प्रयोग गरिन्छ । यी घडी निकै सटिक हुनुका साथै अन्तरिक्षमा वैज्ञानिक अनुसनधानका लागि समयको गणना गर्नका लागि महत्वपूर्ण हुन्छन् । यद्यपि आणविक घडीको प्रयोग मूख्य रुपमा अनुसन्धान कार्यमा गरिन्छ । दैनिक कामकाजमा यसको प्रयोग गरिँदैन । साथै पृथ्वीको मिसन कन्ट्रोल केन्द्रसँग स्पेस स्टेशनको समयलाई रेडियो तरंगको माध्यमबाट सिंक्रोनाइज्ड गरिएको हुन्छ ।

अन्तरिक्ष स्टेशनमा अन्तरिक्षयात्रीहरुले लगाउने डिजिटल घडी अन्तरीक्षको माइक्रो ग्राभिटी तथा भ्याकुममा काम गर्नका लागि विशेष तरिकाले डिजाइन गरिएको हुन्छ । उदाहरणका लगि नासाले एपोलो मिसनका लागि चन्द्रघडीको प्रयोग गरेको थियो, जसले अन्तरीक्षका कठीन परिस्थितिमा पनि काम गर्दछ। मुख्यतः अन्तरिक्षमा डिजिटल प्रणालीका माध्यमबाट नै समयको जानकारी प्राप्त हुन्छ । तर कतिपय अन्तरिक्षयात्रीहरुले यस्ता घडीलाई व्यक्तिगत रुपमा पनि प्रयोग गर्दछन् । *साभार : अनलाइनखबरडटकम*

# वायुसेवा निगम ६७ वर्षमा

काठमाडौं, १७ असार । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले ६७ वर्षे यात्रा सुरु गरेको छ । सन् १९५८ जुलाई १ मा स्थापना भएको निगमले २८ सिट क्षमतायुक्त डोग्लस डिसी ३ डाकोटाबाट सेवा प्रारम्भ गरी ६७ वर्षे दौरानमा पछिल्लो पटक वाइडबडी ए ३३०-२०० सिरिजको विमान भित्र्याएर सेवा दिइरहेको छ ।




निगमले हाल अन्तरराष्ट्रियतर्फ भारतको नयाँदिल्ली, बेङ्लोर र मुम्बई तथा हङ्कङ, मलेसिया, थाइल्याण्ड, जापानको नारिता, कतारको दोहा, युनाइटेड अरब इमिरेटसको दुबई र साउदी अरबको रियादमा उडान भर्दै आएको छ । निगमले दुई थान वाइडबडी ए ३३० र दुई थान न्यारोबडी ए ३२० सिरिजका विमानमार्फत अन्तरराष्ट्रिय उडान गरिरहेको छ ।

आन्तरिकतर्फ दुर्गम भेगका विमानस्थलमा निगमले सेवा दिइरहेको छ । निगमसँग आन्तरिक उडानका लागि दुई थान ट्वीनअटर विमान छन् । विमान अभावले आन्तरिक बजारमा निगमको खस्कँदो उपस्थिति छ । निगमले विगत वर्षमा औपचारिक समारोह आयोजना गरेर वार्षिकोत्सव मनाउँदै आएकामा पछिल्ला वर्षमा सामान्य कार्यक्रम मात्र गर्दै आएको छ । स्थापनाको ६७ वर्षको इतिहास बोकेको निगमले आफ्नो बजार हिस्सामा भने उल्लेख्य सुधार गर्न सकेको छैन । निगमको ऋण दायित्व करिब रु ५० अर्ब पुगेको जनाइएको छ ।

वाइडबडी विमान खरिद गर्न कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट निगमले ऋण लिएको थियो । भएका विमान पनि राम्ररी सञ्चालन नहुनु, बजेट एयरलाइन्ससँगको प्रतिस्पर्धालगायत कारणले खस्केको निगमको साख अहिले उत्कृष्ट ग्राउण्ड ह्याण्डलिङ सेवा, अन्तरराष्ट्रिय गन्तव्यमा व्यापार प्रवर्द्धनले उकासिएको छ ।

निगमको विद्यमान अवस्थाको सुधारका लागि पटकपटक अध्ययन समिति बने पनि तिनको कार्यान्वयन हुन सकेको छैन । निगमको व्यवस्थापकीय सुधारका लागि तालुकदार मन्त्रालयले विभिन्न योजना सार्वजनिक गरे पनि त्यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन ।

निगमका प्रवक्ता सुवास डाँगीले निगमले अन्तरराष्ट्रिय गन्तव्यमा भएका चारवटै वाइडबडी विमान पूर्ण क्षमतामा सञ्चालन भइरहेको दाबी गर्नुभयो । आन्तरिक बजारमा विमानको सङ्ख्या कम भएकाले सबै गन्तव्यमा सेवा विस्तार गर्न नसकिएको उहाँले बताउनुभयो । अन्तरराष्ट्रियतर्फ थप नयाँ गन्तव्यमा उडान सेवा विस्तारका लागि पहल भइरहेको प्रवक्ता डाँगीले जानकारी दिनुभयो ।

निगमको ६७औं वार्षिकोत्सवका अवसरमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको निगमले विज्ञप्तिमार्फत जनाएको छ । वार्षिकोत्सव मूल समारोह समितिअन्तर्गत खेलकुद उपसमितद्वारा आयोजित सातदोबाटोस्थित एन्फा खेल मैदनमा प्रतियोगिता भएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको उपस्थितिमा भएको उक्त प्रतियोगितामा निगमका पुरुष कर्मचारीहरूको समूह, महिला कर्मचारीको समूह तथा निगमका कार्यकारी समूहहरूबीच छुट्टाछुट्टै प्रतियोगिता सञ्चालन भएका थिए । वार्षिकोत्सवकै अवसरमा खुला कविता वाचन प्रतियोगिता तथा टेबल टेनिस प्रतियोगिता सम्पन्न भएको छ ।

यसैबीच, दिवसका अवसरमा निगमले आज बिहान केन्द्रीय कार्यालयपरिसरमा प्रभातफेरी गर्दैछ । रासस

# वर्षायाममा स्मार्टफोन जोगाउने १० टिप्स

वर्षाको मौसम चलिरहेको छ। त्यसैले यस्तो बेला अफिस वा बाहिर जाँदा अचानक पानी पर्न सक्छ। पानी परेको बेला भिजेको हातले मोबाइल प्रयोग गर्नु केवल कठिन मात्र होइन, खतरनाक पनि हुन सक्छ। त्यसोभए वर्षाको मौसममा आफ्नो स्मार्टफोनलाई कसरी सुरक्षित राख्ने त ? यी हुन् १० टिप्स :

***१. वाटरप्रुफ कभर वा केस प्रयोग गर्नुहोस्***

वर्षा यामममा फोन सुरक्षित राख्न सबैभन्दा प्रभावकारी उपाय हो-राम्रो गुणस्तरीय तथा वाटरप्रुफ अर्थात् पानी नछिर्ने मोबाइलको खोल प्रयोग गर्नु । बजारमा फोनको मोडल अनुसार विभिन्न वाटरप्रुफ फोन कभरहरू उपलब्ध छन्, जसले पानी, हिलो, धुलो आदिबाट फोनलाई बचाउँछ।

***२. प्लास्टिकको थैली वा जिप-लक ब्याग प्रयोग गर्नुहोस्***

यदि तपाईं आफ्नो फोनलाई पानीबाट जोगाउने सस्तो र छिटो



उपाय खोज्दै हुनुहुन्छ भने पारदर्शी प्लास्टिकको जिप-लक ब्यागभित्र फोनलाई सुरक्षित राख्न सक्नुहुन्छ। फोनमा यदि वाटरप्रुफ कभर छैन भने त्यस्तो बेला प्लास्टिकको थैली वा जिप लक ब्याग उपयोगी हुन्छ । फोनलाई प्लास्टिकको थैलीभित्र राखेरै पनि स्क्रिन चलाउन सकिन्छ ।

***३. ब्लुटुथ हेडफोन वा इयरफोनको प्रयोग गर्नुहोस्***

बाहिर वर्षा परिरहेको बेला फोनलाई हातमा निकालेर कुरा गर्दा फोनमा पानी पर्ने र भिज्ने जोखिम हुन्छ । यस्तो अवस्थामा ब्लुटुथ हेडसेट वा इयरफोन प्रयोग गर्नु बुद्धिमानी हुनेछ। यसो गर्दा फोन गोजी वा ब्यागबाट बाट झिक्नु पर्दैन र त्यो पानीले भिज्ने डर पनि हुँदैन ।

***४. फोनलाई झोला वा ज्याकेटको सुरक्षित भागमा राख्नुहोस्***

यदि तपाईंसँग छाता वा कुनै ओत छैन र वर्षात्को पानीमा भिज्नुपर्नेछ भने त्यस्तो बेला आफ्नो पाइन्टको खल्तीमा फोन राख्दा फोनभित्र पानी छिर्न सक्दछ । यस्तोमा फोनलाई वाटरप्रुफ झोला वा रेनकोट/ज्याकेटको भित्री खल्तीमा राख्नुपर्छ, जहाँ पानी जान सक्ने सम्भावना कम हुन्छ।

***५. राम्रो गुणस्तरको स्क्रिन प्रोटेक्टर लगाउनुहोस्***

फोनको टचस्क्रिनमा पानी लाग्दा त्यसले काम नगर्न सक्छ वा खराब हुन सक्छ। स्क्रिन सुरक्षित राख्न टेम्पर्ड ग्लास वा स्क्रिन प्रोटेक्टर लगाउनुहोस्। यसले स्क्रिनमा सिधा असर नपुग्ने बनाउँछ र स्क्रयाच वा पानीका थोपाबाट जोगाउँछ।

***६. फोन भिजेमा तुरुन्त स्विच अफ गर्नुहोस्***

यदि कुनै कारणवश तपाईंको फोन पानीमा भिज्यो भने तुरुन्तै स्विच अफ गर्नुहोस्। फोन चालु हुँदा भित्र पानी पस्यो भने सर्ट सर्किट हुने जोखिम अत्यधिक हुन्छ, जसले फोन पूर्णरूपमा नष्ट हुन सक्छ। स्विच अफ गरेपछि फोनलाई हल्का कपडाले पुछ्नुहोस् र सुकाउने प्रक्रिया सुरु गर्नुहोस्।

***७. फोनलाई चामल वा सिलिका जेलमा राख्नुहोस्***

भिजेको फोनलाई सुकाउनको लागि सबैभन्दा लोकप्रिय घरेलु उपाय हो-चामलको बट्टामा घुसाएर राख्ने। चामलले फोनको आद्रता सोस्ने भएकाले फोनभित्रको पानीलाई हटाउन सहयोग पुऱ्याउँछ। साथै यदि तपाईंसँग सिलिका जेलको प्याकेट (जो नयाँ जुत्ता वा झोलामा आउने गर्छ) छ भने, त्यसमा फोन राख्दा अझ प्रभावकारी रूपमा फोनलाई सुख्खा बनाउने काम गर्दछ ।

***८. फोन सुख्खा नहुँदासम्म चार्ज नगर्नुहोस्***

फोन भिजेको अवस्थामा त्यसलाई तुरुन्त चार्ज गर्नु धेरै खतरनाक हुन्छ। पानीले फोनको चार्जिङ पोर्टमा असर पुऱ्याएको हुन सक्छ, जसले गर्दा चार्ज गर्दा सर्ट सर्किट हुन सक्छ। फोन पूरै सुकिसकेको तथा हावा वा पंखाको सहयोगले राम्रोसँग सुकाइसकेको अवस्थामा मात्र चार्ज गर्नुहोस्।

***९. महत्वपूर्ण डाटा क्लाउडमा ब्याकअप राख्नुहोस्***

वर्षायाममा फोन हराउने वा बिग्रिने सम्भावना बढी हुन्छ। यस्तोमा तपाईंको फोटो, भिडियो, कागजात जस्ता महत्वपूर्ण फाइलहरू नष्ट हुनसक्ने खतरा हुन्छ । त्यसैले न्ययनभि म्चष्खभ, ष्ऋृयिगम, इलभम्चष्खभ आदि जस्ता क्लाउड सेवा प्रयोग गरेर तपाईंले आफ्नो फोनका डाटाको नियमित ब्याकअप राख्नुपर्छ। यसले फोन हराए पनि तपाईंको डाटा सुरक्षित रहन्छ।

***१०. फोनको बीमा तथा वारेन्टी***

फोन खरिद गर्दा बिक्रेतासँग त्यसको विमा तथा वारेन्टीका बारेमा बुझ्नुहोस् र त्यो एकीन गरी त्यस्तो सुविधा भएमा लिन नभुल्नुहोस् । यसो गर्नुभयो भने तपाईंको फोन भिज्ने, बिग्रिने वा चोरी हुने अवस्थामा तपाईंलाई आर्थिक राहत प्राप्त हुन्छ।

# विपद् प्रतिकार्यमा निजी हेलिकप्टरको निशुल्क प्रयोगबारे सम्झौता

काठमाडौं, १७ असार। विपद् प्रतिकार्यमा हवाई उद्धारका लागि नीजि हेलिकप्टर प्रयोग सम्बन्धमावायुसेवा सञ्चालक संघ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण बीच समझदारी पत्रमा हस्ताक्षर भएको छ।

मंगलबार गृहमन्त्रालयमा आयोजित एक कार्यक्रमकाबीच उक्त, समझदारी पत्रमा हस्ताक्षर भएको हो।

हस्ताक्षरपछि गृहमन्त्री रमेश लेखकले सम्झौताअनुसार काठमाडौं उपत्यकाभित्र जोखिम उत्पन्न हुँदा नागरिकको उद्दार गर्न वायुसेवा सञ्चालक संघले हेलिकप्टरबाट निशुल्क उद्दार गर्ने जानकारी दिए।

त्यस्तै,उनका अनुसार काठमाडौं उपत्यका बाहिरको उद्धारमा नेपाली सेनाको हेलिकप्टर अपर्याप्त भएको



अवस्थामा सरकारले संघबाट उपत्यका बाहिर पनि सेवा लिनपर्ने र अपरेशन शुल्क मात्र लिएर उद्दार गरिने पनि सम्झौतापत्रमा उल्लेख छ।

उनले भने,'काठमाडौं उपत्यकाभित्र कुनै पनि ठाउँमा जोखिम उत्पन्न भयो र नागरिकको उद्दार गर्नुपर्ने भयो भने वायुसेवा सञ्चालक संघले हेलिकप्टरबाट निशुल्क उद्दार गर्ने कुरा जुन गर्नुभएको छ। यो अत्यन्त महत्वपूर्ण काम भएको छ। देशको सबैभन्दा धेरै जनसंख्या काठमाडौंमा नै छ। काठमाडौं उपत्यका बाहिरको उद्दारमा नेपाली सेनाको हेलिकप्टर कहिलेकाँही अपर्यात हुन सक्छ। त्यस्तोबेला सरकारले उपत्यका बाहिर पनि सेवा लिनपर्ने अवस्था हुन्छ। त्यसलाई पनि संघले अपरेशन शुल्क मात्र लिएर उद्दार गरिने भन्नुभएको छ।'उनले अहिले मनसुनको प्रारम्भ चरणमा भएको र मनसुनजन्य विपद्ले धेरै ठूलो जनधनको क्षति हुने अवस्थामा सो सम्झौताले महत्वपूर्ण सहयोग पुग्ने बताए। विगतको अनुभव हेर्दा धेरै ठूलो क्षतिबाट नागरिकको र सम्पतिको सुरक्षा गर्न तयारी अवस्थामा बस्नुपर्ने अवस्था रहेको उनको भनाई छ।

उनले भने,यो हस्ताक्षरसँगै हामीले एउटा राम्रो कामको थालनी गरेको छौं। हामीले विपद्को अत्यन्तै जोखिम भएको भूगोलमा छौं। अहिले त्यसैपनि मनसुनको प्रारम्भ चरणमा छौं। मनसुनजन्य विपद्ले धेरै ठूलो जनधनको क्षति हुने गरेको छ। विगतको अनुभवले पनि के देखाएको छ भने धेरै ठूलो क्षतिबाट नागरिकको सम्पतिको सुरक्षा गर्न तयारी अवस्थामा बस्नुपर्छ।'

# सुनचाँदी व्यवसायी संघका जायज माग सरकारले सम्बोधन गर्नुपर्छ कांग्रेस नेता निधि



दैनिक समाचारदाता

जनकपुरधाम, १७ असार। प्रतिनिधिसभा सदस्य एवं पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले सुनचाँदी व्यवसायीका जायज माग सम्बोधन गरिनुपर्ने बताउनुभएको छ।

जनकपुरधाममा आज सुनचाँदी व्यवसायीसँगको भेटमा उहाँले सुनलाई विलासिताको विषयका रूपमा मात्रै हेर्न नहुने भन्दै जायज मागलाई सरकारले तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो। हाल देशभर आन्दोलनमा रहेका सुनचाँदी व्यवसायीको माग सम्बोधन गर्न सरकारले तत्काल कार्यदल गठन गरेर निष्कर्ष पुग्न उचित हुने नेता निधिको भनाइ थियो।

यसअघि पनि आफूलाई सुनचाँदी व्यवसायी महासङ्घका केन्द्रीय पदाधिकारीले काठमाडौंमै भेटेर कुरा राखेको र यस विषयमा आफूले पार्टी सभापति शेरबहादुर देउवालाई समेत जानकारी गराइसकेको बताउनुभयो।

# नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीका लागि परराष्ट्रमन्त्रीको आग्रह

दैनिक समाचारदाता

काठमाडौं,१७ असार। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीका लागि विश्वका बहराष्ट्रिय कम्पनीहरूलाई आग्रह गर्नुभएको छ। राष्ट्सङ्घीय कृषि तथा खाद्य सङ्गठन, एफएओको रोममा जारी ४४औं महासभाअन्तर्गत आज आयोजित कृषि तथा खाद्य प्रणालीसम्बन्धी उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै उहाँले कृषि क्षेत्रमा लगानी गरेर नेपालका मौलिक एवं विशिष्ठ उत्पादनहरूमार्फत् विश्व बजारबाट लाभ लिन आग्रह गर्नुभयो। मन्त्री डा राणाले भन्नुभयो, "कृषिमा निजी क्षेत्रको संलग्नता बढाउने सरकारको नीति बमोजिम ठूला निजी कम्पनीहरूले कृषिमा लगानी गर्न थालेका पनि छन्। तर पनि ठूलो लगानी तथा कृषिमा आधुनिकीकरणको अभावमा पर्याप्त सम्भावनाका बाबजुत पनि नेपालले बृहत मात्रामा कृषि उपजहरू निर्यात गर्न सकिरहेको छैन। हामीलाई यस क्षेत्रमा ठूलो वैदेशिक लगानीको आवश्यकता छ।"




मन्त्री डा राणाले अन्तरराष्ट्रिय सहयोग एवं सहकार्यबाट कृषि क्षेत्रलाई नवप्रवर्तन, कृषिमा एआइको प्रयोग, खेती गर्न ड्रोन आदि प्रविधिको प्रयोग गरी कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरणका साथ आकर्षक बनाउन नेपाल सरकार लागिपरेको बताउनुभयो।

उहाँले नेपालमा कृषि पेशा गर्ने व्यक्ति अर्थात् किसानलाई अहिले पनि हेय दृष्टिले हेर्ने गरिएकाले यस क्षेत्रको आधुनिकीकरण गरी समयानुकूल विकास गरेर निर्यातमुखी बनाउन नसकिएको बताउनुभयो। उहाँले कृषिलाई मर्यादित र आकर्षक पेशा बनाउनुपर्ने धारणा पनि राख्नुभयो।

संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको पूर्व सभापति मन्त्री डा राणाले भन्नुभयो, "कृषकहरूको सामाजिक छवि अहिले पनि बदल्न सकिएको छैन। म कृषि समितिको सभापति बन्दा पनि कतिपयले किन यो समिति रोजेको पनि भनेको सम्झना छ। तर मैले नै सो समिति रोजेकी थिएँ।" नेपालको ८३ प्रतिशत भूभाग पहाड वा हिमाली क्षेत्र रहेको र जहाँ अधिकांश जमिन स-साना टुक्रामा अवस्थित रहेकोले पनि कृषि कार्य अत्यन्त कठिन रहेको भए पनि यसलाई लामो समयदेखि आत्मनिर्भर अर्थतन्त्र र गरिबीसँग जोडिएको बताउनुभयो।

नेपालको अर्थतन्त्रमा सबैभन्दा ठूलो आयस्रोत बनेको विप्रेषणले नेपालको कुल गार्हस्थ उत्पादनमा करिब ३५ प्रतिशत योगदान रहेको र कृषिको योगदान दोस्रो स्थानमा अर्थात् करिब २३ प्रतिशन रहेको बताउँदै मन्त्री डा राणाले कृषि क्षेत्र अझै पनि करिब ८० प्रतिशत जनसंख्याको रोजगारीको माध्यम बनेको चर्चा गर्नुभयो।

पछिल्लो समय जलवायुजन्य दुष्प्रभावका कारण कृषि क्षेत्रमा नराम्रो प्रभाव पर्दै गएको र नेपालका लागि यो गम्भीर चिन्ताको विषय भएको उहाँले बताउनुभयो। गाउँगाउँमा युवा र पुरुष वर्गको अनुपस्थितिका कारण खेतीमा जंगली जनावरहरूको आक्रमण बढ्दा किसानहरू मर्कामा पर्नुका साथै मानव वन्यजन्तुबीच द्वन्द्व पनि बढेको उहाँले उल्लेख गर्नुभयो। मन्त्री डा राणाले कृषिलाई शिक्षा, पोषण र स्वास्थ्यसँग समन्वय गरेर अघि बढाउने प्रयास सफल भइरहेको पनि स्पष्ट गर्नुभयो।

# सवारी दुर्घटनाबाट दुई जनाको मृत्यु

दैनिक समाचारदाता

जनकपुरधाम,१७ असार। मधेश प्रदेशमा मंगलबार छुट्टाछुट्टै सवारी दुर्घटनामा परी दुई जनाको ज्यान गएको छ।

जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित सडकमा मधेश प्रदेश ०२-००१ क २२४० नम्बरको टिपरले ज.८ प ७७४३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार क्षिरेश्वरनाथ नगरपालिका-१० निवासी ८० वर्षीय चलितर मण्डलको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका मण्डललाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याइएको थियो। तर, उपचारको क्रममा उनको मृत्यु भएको जनाइएको छ।

उक्त दुर्घटनामा मोटरसाइकल चालक पनि घाइते भएका छन्। उनको जनकपुरस्थित काव्या अस्पतालमा थप उपचार भइरहेको छ। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यस्तै, सप्तरीको कञ्चनरूप नगरपालिका-२, महादेवपट्टीस्थित सडकमा मंगलबार बिहान वीरगंजबाट विराटनगरतर्फ जादै गरेको को.१ ख ५४३८ नम्बरको यात्रुवाहक बसले ठक्कर दिँदा सोही ठाउँका रोजित शेखका ८ वर्षीय छोरा आयन शेखको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनापछि बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# युरोपमा हिटवेभ, विभिन्न स्थानमा रेड एलर्ट जारी

एजेन्सी। युरोपमा लगातार दोस्रो दिन पनि हिटवेभ (लू)को प्रभाव देखिएको छ। हिटवेभका कारण जनजीवन नराम्ररी प्रभावित भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

यसबारे फ्रान्स, स्पेन, इटाली, पोर्चुगल र जर्मनीमा चेतावनी जारी गरिएको छ। फ्रान्समा राजधानी पेरिससहित १६ स्थानमा 'रेड अलर्ट' जारी गरिएको बीबीसीले जनाएको छ। त्यहाँ आइफल टावरको शीर्ष भाग बन्द गरिएको छ। इटालीमा तापक्रम बढ्दा दुईजनाको मृत्यु भएको छ। पश्चिमी टर्कीमा डढेलोका कारण ५० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ।

पोर्चुगल र स्पेनका केही भागमा यो साता जुन महिनाको हालसम्मकै उच्च तापक्रम रेकर्ड गरिएको छ। त्यहाँ तापक्रम ४६ डिग्री सेल्सियस पुगेको छ। दक्षिण-पूर्वी इंग्ल्यान्डमा आज तापक्रम ३५ डिग्री सेल्सियससम्म पुग्न सक्ने



अनुमान छ। बेलायतको बाँकी भागमा मौसम ठिकै रहेको जनाइएको छ।

फ्रान्सको मौसम एजेन्सी मेटियो फ्रान्सले आज पेरिस, सिन-सान-देनिस, भाल-द्वाज, इभलिन्ससहित १६ क्षेत्रलाई रेड अलर्टमा राखेको छ।

देशको शिक्षा मन्त्रालयले उच्च तापक्रमका कारण यस दिन एक हजार ३५० सार्वजनिक विद्यालय आंशिक वा पूर्ण रूपमा बन्द हुने घोषणा गरेको छ।

बेलायतको स्वास्थ्य सुरक्षा एजेन्सी (यूकेएचएसए)ले इंग्ल्यान्डका निम्ति रेड अलर्ट भोलि विहानसम्मलाई विस्तार गरेको छ। यो चेतावनीमा योर्कशायर र द हम्बर, पूर्वी मिडल्यान्ड्स, पश्चिमी मिडल्यान्ड्स, पूर्वी इंग्ल्यान्ड, लन्डन, दक्षिण-पूर्व र दक्षिण-पश्चिम भूभाग समेटिएको छ।

स्पेनको बार्सिलोनामा सोमबार जुन महिनाका निम्ति रेकर्ड तापक्रम कायम भएको छ। सेभियाजस्ता दक्षिणी सहरमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि रहेको जनाइएको छ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४